# वार्षिक नीति तथा कार्यक्रम

## आर्थिक वर्ष २०८१/०८२

## निस्दी गाउँपालिका
## मित्याल, पाल्पा
## लुम्बिनी प्रदेश

प्रस्तुतकर्ता श्री मुक्त बहादुर सारु
निस्दी गाउँपालिका अध्यक्ष

## "शिक्षा, स्वास्थ्य, रोजगार र पर्यटन सहितको पूर्वाधारः प्रकृति र मगर संस्कृति निस्दीको आधार"

निस्दी गाउँपालिकाको आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभाको बैठकमा प्रस्तुत गर्न पाउदा अत्यन्तै खुसि भएको छु। वि.सं.२०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचन सम्पन्न भए प्रश्चात जनताको भारी जनमतले हामी निर्वाचित भई यस निस्दी गाउँपालिकाको नेतृत्व समालेका छौ। करिव २ वर्षको यस कार्यकाल सम्म आइपुग्दा हामिलाई गाउँपालिकाको समृद्धिमा सहयोग गर्ने राजनीतिक दल, कर्मचारी प्रशासन, समाजसेवी, बुद्धिजिवि, नागरिक समाज, निजि क्षेत्र, गै.स.स. तथा आम जनसमुदायको रचनात्मक तथा सिर्जनात्मक सहयोगका लागि म सबै प्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु। यस अवसरमा म नेपालको संघिय लोकतान्त्रिक गणतन्त्रको स्थापना र नेपाली जनताले गर्दै आएका आन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने सहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु। यस गाउँपालिकाको इतिहास संस्कृति, सम्पदा र सभ्यताको संरक्षण संम्वर्द्धन गर्दै संघिय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले तोकिए बमोजिम सेवा प्रवाह, विकास निर्माण गर्दै निस्दी वासी जनतामा सेवा प्राप्त गर्ने हकलाई सुनिश्चितता गर्नुपर्नेछ। आन्तरिक अनुशासन र सवल प्रशासनको विकास बाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वियन हुने भएकोले यो नीति तथा कार्यक्रम त्यस तर्फनै निर्देशित रहेको छ। जनतासंग प्रत्यक्ष सम्वन्ध र सम्पर्क रहने गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुको क्षमता विकास, स्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्वन गरी शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशिलता, सामाजिक विकास, बाल मैत्री, युवामैत्री स्थानीय शासन र खेलकुद, भौतिक पुर्वाधार विकास खानेपानी तथा सरसफाई, वन वातारण र विपद् व्यवस्थापन, संस्थागत विकास सेवा प्रवाह र सुशासन जस्ता विषयगत क्षेत्रहरुका लागि नीति तथा कार्यक्रमहरुको प्रस्ताव पेश गरेको छु।

### आर्थिक वर्ष २०८०/०८१ को नीति समिक्षा

१.आर्थिक विकास तर्फ कृषकहरुको सूचिकरण गरि कृषकहरुलाई सहकारी समूहमा आवद्द गरी कृषकहरुलाई संगठित गरिएको। साथै उद्यमशील युवा तथा कृषकहरुलाई प्रोत्साहन गरिएकोछ।

२. सामाजिक विकास तर्फ शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखि मावन अधिकार र मौलिक हकको सुनिश्चितता गरिएकोछ ।

३. बालमैत्री स्थानीय शासन कार्यक्रम लागु गरिएकोछ।

४. प्रत्येक वडा र गाउँपालिकालाई पुर्वाधारमा सुविधा सम्पन्न हुने गरी नीति लिइएकोछ।

५. वन वातावरण तथा विपद् व्यवस्थापनलाई प्राथमिकतामा राखी प्रभावकारी कार्यान्वयन गरिएकोछ।

६. सेवा प्रदायकको वरिपरि नागरिक नभई सेवा ग्राहीको वरिपरि सेवा प्रदायक हुनुपर्दछ भन्ने नीतिका साथ कार्यक्रम कार्यान्वयन भएकोछ।

मगर बहादुर सारु
अध्यक्ष

**गाउँपालिकाको दिर्घकालिन सोच**

शिक्षा, स्वास्थ्य, रोजगार र पर्यटन सहितको पुर्वाधार प्रकृति र मगर संस्कृति निस्दीको आधार भन्ने दिर्घकालीन सोचलाई कार्यान्वयन गर्नु हामी समक्ष चुनौती रहेको छ।

सभासदस्य ज्यूहरु अब म आ.व.२०८१/०८२ को आर्थिक विकास तर्फको नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु।

**१. आर्थिक विकास:**

**(क) कृषि तथा पशु विकास तर्फ:**

कृषि तथा पशु विकास नीति :

क) कृषि तथा पशुसंग सम्बन्धित पेशालाई जनताको आर्थिक समुन्नती संग आबद्ध गर्दै सम्मानित पेशाका रुपमा विकसित गर्न विभिन्न आयमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ख) गोठ देखि ओठसम्म भन्ने नारालाई आत्मासात गर्दै स्वच्छ, स्वस्थ, मासु उत्पादन गर्न कृषकको गोठदेखि उपभोक्ताको ओठसम्म हाईजेनिक मासु उपलब्धताको लागि नश्ल सुधार र गोठ-खोर सुधार कार्यक्रम संचालनमा ल्याइनेछ।

ग) "निस्दी गाउँपालिकाको साथ कृषकलाई सहत" अभियानका साथ बाली तथा माटो परिक्षण शिविर संचालन गरी तुलनात्मक लाभका कृषि उपज पहिचान गर्दै कृषकलाई व्यवसाय तर्फ उन्मुख गराइनेछ।

घ) निस्दी कोसेली घरलाई थप व्यवस्थित बनाई कोसेली घरबाट विक्री हुने टमाटर र काउँलीलाई बजार मुल्य कायम गरी अनुदानको व्यवस्था मिलाइनेछ।

ङ) युवाहरुलाई कृषिमा आकर्षण गराउन युवा लक्षित आय आर्जन कार्यक्रम, कृषि तथा पशु विकास प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ। यस गाउँपालिकाको तुलनात्मक लाभका क्षेत्र लोकल कुखुरा, बाख्रा पालन, बंगुर पालन, मौरी पालन, मकै खेति दलहन कोदो तरकारी तथा अदुवाको पकेट क्षेत्र निर्धारण गरी उचित बजारीकरणको व्यवस्था गरिनेछ।

च) " रैथानेलाई नबिर्सि, आधुनिकतातिर उन्मुख गराऔं है कृषि " भन्ने नारालाई आत्मसात गर्दै रैथाने बाली एवं पशुको उचित संरक्षण र प्रवर्द्धनमा जोड दिदै उन्नत जातका फलफूल, तरकारी एवं पशुहरुको खेती तथा उत्पादनमा जोड दिइनेछ।

छ) गाउँपालिकालाई मासु, अण्डा, र तरकारीमा आत्मनिर्भर भई निर्यात गर्ने गाउँपालिका निर्माण गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

मुक्त बहादुर सारु
अध्यक्ष

एक वडा एक पकेट क्षेत्र अन्तरगत वडा नं.१ बाकामलाङमा कागती र सुन्तला, वडा नं.२ सहलकोटमा तरकारी वडा नं.३ झिरुवासमा अम्रिसो वडा नं.४ मित्यालमा आँप र लिची वडा नं.५ गल्धामा सुन्तला वडा नं.६ अर्चलेमा तेजपात र वडा नं.७ ज्यामिरेमा तेजपात र कफी कायम गरि उत्पादनमा वृद्धि गरिनेछ।

झ) सिंचाई सुविधा वृद्धि गर्दै बाँझो जग्गामा खेती, करार खेती एवं चक्लाबन्दी खेतीलाई प्रोत्साहन गरिनेछ ।

ञ) मल, बीउ, कीटनाशक आदिमा ७५% अनुदान तथा कृषि यान्त्रिकरणमा ५०% अनुदान उपलब्ध गराइनेछ ।

ट) कृषि तथा पशुसंग सम्बन्धित विभिन्न अभिमुखिकरण तथा अन्तर्क्रिया कार्यक्रमहरु तथा अन्य आवश्यक तालीमहरु सञ्चालन गरिनेछ ।

ठ) किसानको जोखिम न्यूनिकरणको लागि कृषि तथा पशु विमामा जोड दिइनेछ।

द) लोकल रक्सी ब्राण्डिङ गर्न आवश्यक पहल गरिनेछ।

कृषि तथा पशु बीमा कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

न) दुम्सि, बादर नियन्त्रणका लागि आवश्यक उपकरण उपलब्ध गराइनेछ साथै जंगली जनावरको लागि वनमा फलफूल खेती गरिनेछ। आँप र चिउरी काट्नको लागि निरुत्साहित गरिनेछ।

**(ख) घरेलु तथा साना उद्योग तर्फको नीति :**

- स्थानीय साधन स्रोत, सीप तथा प्रविधिमा आधारित साना तथा घरेलु उद्योगलाई प्रोत्साहन, प्रवर्द्धन तथा सम्वर्द्धन गरिनेछ ।
- युवा तथा महिलालाई उद्योगधन्दा तर्फ आकर्षित गर्न विभिन्न प्रकारका व्यावसयिक अनुदानहरु उपलब्ध गराइनेछ ।
- नयाँ नयाँ व्यवसायका क्षेत्रहरु पहिचान गरि उद्यमशीलता सम्बन्धी बिभिन्न तालीमहरु सञ्चालन गरिनेछ ।
- तालुक कार्यालय तथा बिभिन्न संघसंस्थाहरु संग समन्वय सहकार्य गरि घरेलु उद्योग सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**ग) पर्यटन नीति :**

- निर्मित पर्यटन गुरुयोजनाको आधारमा धार्मिक तथा पर्यटकीय स्थलहरु क्रमश निर्माण गर्दै लगिनेछ ।
- पर्यटन गुरुयोजनालाई संघिय सरकार र प्रदेश सरकार संग समन्वय गरी आयोजना संचालन गर्न पहल गरिनेछ।
- कुंडुले घर आँखाको नानी, मगर कला र संस्कृतिको धनी नारालाई सार्थकता दिदै पुरानो भेषभुषा, नाच, स्थानीय उत्पादनको खाना, ढिकी, झाँतो तथा कुंडुले घरहरुको संरक्षण र निर्माण कार्यमा आर्थिक सहयोग दिइनेछ।
- मगर संस्कृतिको जगेर्ना गर्न ठूलोनाच, घाटु नाच, कौरा नाच, झ्याउरे नाचका संरक्षणमा जोड दिइनेछ।
- नयाँ होमस्टेको सम्भाव्यता अध्ययन र संचालित होम स्टे लाई व्यवस्थित गरिनेछ।

सहकारी तथा गरिवी निवारण:

- अर्थतन्त्रका तिन खम्बा मध्ये महत्वपूर्ण एक खम्बाका रुपमा रहेको सहकारीको सबलीकरण गरि कृषि, पशु स्वरोजगार, गरिबी निवारण र उद्यमशीलता सम्बन्धी कार्यक्रमहरु सहकारीसंगको समन्वय र सहकार्यमा गर्ने व्यवस्था मिलाइनेछ ।
- सहकारीलाई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक पर्ने बिभिन्न तालीमहरु सञ्चालन गरिनेछ ।
- समस्याग्रस्त र जोखिम युक्त सहकारीलाई प्रचलित कानूनको आधारमा खारेजी तथा मर्ज गरिने नीति अवलम्वन गरिनेछ।
- सहकारीको नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
- नमूनाका रुपमा स्थापित हुन सफल हुने सहकारीहरुलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।

ङ) वित्तीय क्षेत्र

- सनराइज बैंकको शाखा निस्दी ५ ढुंगानावेशीमा रहेकोमा गाउँपालिकाको सहजताको लागि अन्य बैंकहरु संग परामर्श गरी स्थापना गर्न जोड दिईनेछ।
- प्रत्येक वडामा वित्तिय साक्षरता कार्यक्रम संचालन गरिनेछ।

सभासदस्य ज्यूहरु अब म आ.व.२०८१/०८२ को सामाजिक विकास तर्फको नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु।

**सामाजिक विकास तर्फ**

बार्षिक नीति तथा कार्यक्रम-२०८१/८२

**<u>शिक्षा, युवा तथा खेलकुद शाखा</u> :**

१. मौलिक हकको रुपमा रहेको शिक्षामा सम्पूर्ण बालबालिकाको पहुंच स्थापित गरिनेछ। बालबालिकाको विद्यालयमा पहुँच, टिकाउ र गुणस्तरीय शिक्षालाई हासिल गराउने कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिनेछ। विद्यार्थी पलायन नियन्त्रण गर्न र विद्यार्थी प्रोत्साहनका लागि विभीन्न कार्यक्रम ल्याइनेछ।

२. आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य गरिनेछ ।

३. गाउँ शिक्षा नियमावली, गाउँ शिक्षा योजना तथा अन्य आवश्यक कार्यविधीहरु निर्माण गरी कार्यान्वयन गरिनेछ । गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन गरिनेछ।

४. संचालित कक्षा, विद्यार्थी संख्या, शिक्षक-विद्यार्थी अनुपातका आधारमा दरवन्दी पुनरावलोकन एवं मिलान गरिनेछ। मौजुदा विद्यार्थी संख्या, संचालित कक्षाका आधारमा न्यून शिक्षक दरवन्दी भएका विद्यालयमा शिक्षक व्यवस्था गरिनेछ। आवश्यकता र औचित्यका आधारमा कक्षा थप-घट , विद्यालय समायोजन र एकीकरण गरिनेछ।

संचालित कक्षा, शिक्षक-विद्यार्थी अनुपातका आधारमा न्यून शिक्षक भएका विद्यालयका शिक्षकहरुलाई GML तालिमको व्यवस्था गरिनेछ ।

६. भूइँबसाइ र सिकाइ सामग्रीको व्यवस्थापन गर्न बाँकी रहेका प्रारम्भिक बालविकास केन्द्र र प्राथमिक कक्षामा भूइँबसाइ व्यवस्थापन र सिकाइ सामग्रीको व्यवस्था गरिनेछ।

७. स्थानीय पाठ्यक्रम अन्तरगत कक्षा २ को पाठ्यपुस्तक निर्माण र कक्षा १ पाठ्यपुस्तक छपाई गरिनेछ।

८. शिक्षाको गुणस्तरमा सुधार ल्याउन प्रधानाध्यापक र शिक्षक-कर्मचारीसंग कार्यसम्पादन करार सम्झौता गरिनेछ। प्र.अ. बाट बार्षिक कार्ययोजना निर्माण गर्न लगाई मासिक रुपमा कार्यपालिकामा प्रतिवेदन पेश गर्नुपर्ने अनिवार्य व्यवस्था गरिनेछ।

९. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको कार्यान्वयनलाई व्यवस्थित गरिनेछ। प्राथमिक उपचार, औषधी बाकस व्यवस्थापनलाई सुदृढ बनाइनेछ। दिवाखाजा कार्यक्रम थप व्यवस्थित र प्रभावकारी रुपमा लागु गरिनेछ। सेनेटरी प्याड व्यवस्थापन गरिनेछ।

१०. प्रारम्भिक बालविकास केन्द्रहरुलाई आवश्यकता र औचित्यका आधारमा नयां थप, विस्तार, समायोजन र ल बनाइनेछ । बालविकास शिक्षकहरुका लागि थप तालिमको व्यवस्था गरिनेछ।

११. आवश्यकता, औचित्य र सम्भाव्यताका आधारमा English Medium को कक्षा व्यवस्थापन गर्न सकिनेछ।

१२. प्र.अ.हरुको नियमित मासिक बैठकलाई थप व्यवस्थित र प्रभावकरी बनाइनेछ।

१३. सबै शिक्षक-कर्मचारीका लागि लागत साझेदारीमा बृहत Motivational Training संचालन गरिनेछ ।

१४. अभिभावक शिक्षा संचालन गर्न बाँकी रहेका विद्यालयमा अभिभावक शिक्षा कार्यक्रम, वि.व्य.स., शि.अ.सं.का पदाधिकारी एवं प्र.अ.का लागि व्यवस्थापकीय, प्रशासनिक र नेतृत्व क्षमता विकास तालिम तथा विभिन्न विषयगत तालिमहरु, ICT सम्बन्धी तालिम तथा विद्यार्थीहरुका लागि समेत विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

१५. विद्यालयमा अत्यावश्यक पूर्वाधारको विकास गरिनेछ । विद्यालयमा इन्टरनेट सुविधाको थप सुधार गरिनेछ ।

१६. वडा र पालिका स्तरीय नमुना विद्यालय विकासका लागि प्रोत्साहन गरिनेछ।

१७. विद्यालय निरिक्षण, अनुगमन तथा मुल्यांकन र कक्षा अवलोकनलाई प्रभावकारी बनाईनेछ।

१८. सुत्केरी विदा लिने महिला शिक्षकहरुको ठाउँमा अतिरिक्त शिक्षकको व्यवस्था गरिनेछ।

१९. विद्यालयलाई दिगो विकासका लक्ष्यहरु Green, Clean, Peace, Safe को अवधारणा अनुसार विकास गर्न जोड दिईनेछ। बगैंचा, फुलबारी, करेसाबारी र फोहरमैला व्यवस्थापनमा सुधार गरिनेछ।

२०. विद्यालयमा शैक्षिक सामाग्री व्यवस्थापन, निर्माण र प्रयोगलाई जोड दिईनेछ। शैक्षिक प्रदर्शनी कार्यक्रम संचालन गरिनेछ।

२१. विद्यालय र पालिका स्तरीय खेलकुद एवं अतिरिक्त क्रियाकलापहरु संचालन गरिनेछ।

२२. माध्यमिक विद्यालयहरुमा आवश्यकताका आधारमा क्रमिक रुपमा छात्रावास निर्माण तथा संचालन गर्न आवश्यक प्रवन्ध मिलाईनेछ।

मुक्त बहादुर सारु
अध्यक्ष

२३. आधारभूत तह उत्तिर्ण परिक्षा, कक्षा ३ र ५ को उपलब्धी परिक्षा लगायत विद्यालय स्तरका सबै परिक्षाहरु व्यवस्थित र मर्यादित तवरले संचालन गर्ने व्यवस्था मिलाईनेछ।

२४. पाठ्यक्रम प्रबोधिकरण कार्यक्रम मार्फत मूल्यांकन प्रणाली र शिक्षण सिकाई सहजिकरणलाई व्यवस्थित गरिनेछ।

२५. विषयगत, कक्षागत, तहगत सिकाई उपलब्धी अभिबृद्धि गर्न जोड दिइनेछ।

२६. उत्कृष्ट नतिजा हासिल गर्ने-गराउने विद्यालय, शिक्षक, विद्यार्थीलाई पुरस्कृत र न्यून नतिजा हासिल गराउनेलाई सचेत गराइनेछ।

२७. विद्यालय शिक्षालाई प्रविधि, सिप र जीवीकोपार्जनसंग जोड्न जोड दिइनेछ। प्राविधिक धार अध्ययन गर्न प्रोत्साहन गरिनेछ।

२८. विद्यालयमा बाल-मञ्च, जुनियर रेडक्रस सर्कल, स्काउट आदि गठन गरि प्रभावकारी रुपमा पारिचालन गरिनेछ।

२९. विद्यालयलाई बालमैत्री र शान्ति क्षेत्रको रुपमा विकास गरिनेछ ।

३०. प्रकोप तथा विपदका कारण प्रभावित हुन सक्ने पठनपाठनलाई निरन्तरता दिन बैकल्पिक प्रणालीबाट सिकाई सहजीकरणका विविध आयामलाई प्रभावकारी ढंगले अवलम्वन र कार्यान्वयन गरिनेछ। नियमित कक्षा संचालनलाई थप प्रभावकारी र व्यवस्थित गरिनेछ। प्रकोप तथा विपद प्रतिकार्यका लागि तयार रहने वातावरण मिलाइनेछ ।

**स्वास्थ्य तर्फ :**

**"स्वस्थ निस्दी, सुखी र खुशी निस्दी वासी" बनाउनको लागि देहाय अनुसारका जन स्वास्थ्यका कृयाकलाप एवं कार्यक्रमहरु आगामी आ.व. २०८१/०८२ मा सञ्चालन गरिने छ ।**

**स्वास्थ्यको निति तथा कार्यक्रम**

१. नेपालको संविधान २०७२ धारा ३५ मा उल्लेखित स्वास्थ्य सम्बन्धि गरेको व्यवस्था अनुसार यस पालिकाबाट आधारभूत स्वास्थ्य सेवाहरु (प्रतिकारात्मक सेवा, प्रवर्द्धनात्मक सेवा, उपचारात्मक सेवा र प्रवर्द्धनात्मक सेवा) निशुल्क रुपमा सर्वसुलभ तरिकाले जनताको पहुँच सम्म पुर्याईने छ साथै व्यवस्थित गर्दै लगिने छ ।

- स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यक्रम लागु गरी गुणस्तरीय स्वास्थ्य सेवाको लागि सुनिश्चितता गरिनेछ ।
- आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि आवश्यक औषधी आपूर्ति व्यवस्था मिलाईनेछ ।
- ज्येष्ठ नागरिक अपांग असहाय नागरिकको घरदैलोमा स्वास्थ्यकर्मीहरुद्धारा स्वास्थ्य परिक्षण उपचार र व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ ।

- आवश्यकता अनुसार विभिन्न निकाय संघ संस्था संग समन्वय गरी विभिन्न तालिम गोष्ठी समिक्षा तथा विशेषज्ञ स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।
- स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी व्यवस्थित ढंगले सञ्चालन गर्न पहल गरिनेछ ।
- स्वास्थ्य संस्था,बाह्य खोपकेन्द्र, गाउँघर क्लिनिक भवन निर्माण तथा व्यवस्थित गर्दै स्वास्थ्य संस्थाहरुको सामाजिक परिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्वास्थ्यको करार स्वास्थ्यकर्मीहरुको आवश्यक तलब भत्ताको व्यवस्था गरिएको छ ।
- तानसेनमा स्थापना हुने ब्लड बैंककोलागि निशर्त अनुदान प्रदान गरिनेछ।

२. दिगो बिकास लक्ष्य अनुरुप "पूर्ण सुरक्षित मातृत्व सेवायुक्त स्थानिय तह" अभियानको लागि विशेष कार्यक्रमहरु सुरक्षित मातृत्व कार्यक्रम मातृ तथा नवजात शिशु स्वास्थ्यलाई उच्च प्राथमिकरण गरी कार्यक्रम सञ्चालन गरिनेछ । स्वास्थ्य संस्थाहरुमा सञ्चालित प्रसूती सेवा केन्द्रहरुलाई थप व्यवस्थित गरिनेछ। शुन्य [illegible] डेलिभरी वडा घोषणा कार्यक्रम गर्दै सुरक्षित मातृत्व सचेतना कार्यक्रम गरी गर्भवती तथा सुत्केरी सेवालाई गुणस्तरीय, प्रभावकारी र विश्वसनिय बनाईने छ ।

- प्रत्येक गर्भवती महिलाहरुलाई निशुल्क क्याल्सियम र अण्डा वितरण, सुत्केरी रेफर गर्न परेमा निःशुल्क एम्बुलेन्स/खर्च व्यवस्था गरिने छ ।
- गर्भवती महिलाहरुलाई गर्भवती जाँच गराउन नियमित रुपमा स्वास्थ्य संस्थामा आउदा संगै आउने र संस्थामा सुत्केरी गराउन पठाएवापत महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई यातायात खर्च र सुत्केरी आमाहरुलाई प्रोत्साहन भत्ता व्यवस्था गरिनेछ ।
- बर्थिङ सेवा केन्द्र र सुरक्षित गर्भपतन सेवालाई थप व्यवस्थित गर्दै गर्भवती लक्षित अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालन गरिने छ

३. बाल स्वास्थ्य कार्यक्रम तथा शिशु तथा बाल्यकालिन पोषण कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित गर्दै लगिनेछ ।

- नियमित खोप सुदृढिकरण तथा पूर्णखोप दिगोपना सुनिश्चितता घोषणा कार्यक्रम सञ्चालन गरिनेछ ।
- कोल्डचेन सबसेन्टर सञ्चालन गरिनेछ ।
- नियमित तौल अनुगमन गर्नकोलागि २४ महिना सम्मका बालबालिकाहरुलाई २४ पटक नियमित बृद्दि (तौल) अनुगमन गर्ने, बालभिटा खुवाउने र राष्ट्रिय भिटामिन ए कार्यक्रममा नियमित रुपमा सहभगि हुने अभिभावकलाई पुरस्कृत/यातायातको व्यवस्था गरिने छ ।
- पोषण मैत्री स्वास्थ्य संस्था घोषणा कार्यक्रम संचालन गरिने छ।
- कुपोषण उपचार केन्द्र(OTC) लाई व्यवस्थित गर्दै लगिने छ ।

अध्यक्ष

गाउँपालिका भित्र किशोर किशोरीहरुको स्वास्थ्य सचेतना गर्ने कार्यक्रम गरी लागुऔषद दुर्व्यसन, आत्महत्या र बालविवाह न्युनिकरण गर्न पहल तथा बृहत यौनिकता शिक्षा हरेक आधारभूत विद्यालय, माध्यमिक विद्यालय र समुदाय स्तरमा सञ्चालन गरिनेछ साथै किशोरी रक्तअल्पता परिक्षण कार्यक्रम र स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्री स्वास्थ्य संस्था घोषणा कार्यक्रम सञ्चालन गरिनेछ ।

५. हाल बढ्दै गईरहेको दिर्घ तथा नसर्ने रोग र मानसिक स्वास्थ्य समस्याको रोकथाम तथा नियन्त्रणलाई प्राथमिकतामा राखिने छ ।यस कार्यका लागि-

- ४० बर्ष माथिका नागरिकहरुलाई सुगर रोग र उच्च रक्त चाप परिक्षण कार्यक्रम संचालन गरिने छ।
- दिर्घरोगीहरु विशेषगरी उच्च रक्तचाप र मधुमेह(सुगर )को आधारभूत औषधी एम्लोडिपिन (Amlodipine) र मेटफर्मिन (Metformin) नि:शुल्क रुपमा वितरण गर्ने कार्यक्रम निरन्तरता दिईने छ ।
- मानसिक स्वास्थ्य सम्बन्धिका जनचेतना/अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्दै आधारभूत औषधीहरु नि:शुल्क व्यवस्था गरिनेछ ।

६. राष्ट्रिय महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता अभिवृद्धि तथा प्रोत्साहन कार्यक्रम, दीर्घ सेवा गर्नु भएका उमेर हदका कारणले सेवा निरन्तरता गर्न नसक्ने महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई सम्मानजनक विदाई, आवश्यकता परेको स्थानमा महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका थप स्वयंसेविका दिवस, बार्षिक समिक्षा तथा यातायात खर्चको व्यवस्था गरिनेछ ।

७. परम्परागत चिकित्सा पद्धतिको रुपमा रहेको आयुर्वेद औषधालयबाट योग तथा ध्यान लगायतका स्वास्थ्य पद्दतिको संरक्षण, प्रबर्द्धन गरी समुदाय स्तरमा उपलब्ध हुने जडिबुटीहरुको पहिचान गरी व्यवस्थापन र उपयोग गर्ने निति ल्याईनेछ साथै यस पालिकामा रहेको नागरिक आरोग्य केन्द्रलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

**ग) खानेपानी तथा सरसफाईतर्फ :**

- पिउँने पानीको दिगो स्रोत उपलब्ध नभएका स्थानहरुमा बैकल्पिक स्रोतको पहिचान गरिनेछ।
- वास कार्यक्रम तर्जुमा गरी खानेपानीलाई व्यवस्थित गर्न एक घर एक धारा कार्यक्रम लागु गरिनेछ।
- स्वच्छ पानी सुनिश्चितता तथा सरसफाईलाई अभियानको रुपमा प्रत्येक वडामा कार्यक्रम संचालन गरिनेछ।

**घ) संस्कृति प्रवर्द्धन :**

- यहाँको भाषा कला परम्परालाई जीवन्त बनाउन भाषा, संस्कृतिको संरक्षण गरिनेछ ।
- यहाँका परम्परागत कुंडुले घर जोगाई राख्नको निम्ति कुंडुले घर **संरक्षणमा** अनुदान दिइनेछ ।
- कौरा नाच, घाटु नाच लगायतका अन्य नाच तथा गीतहरुको वार्षिक रुपमा प्रतियोगिता संचालन गरिनेछ ।
- धार्मिक तथा सांस्कृतिक सम्पदालाई व्यवस्थित गर्दै विभिन्न मठ, मन्दिर, गुम्बा, विहार स्थापनामा जोड दिइनेछ ।

ङ) खेलकुद तथा मनोरञ्जन :

- गाउँपालिकास्तरको खेलमैदानको स्तर अझ विस्तार गर्न केन्द्र सरकारसंग पहल गरिनेछ ।
- राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई व्यबस्थित रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।
- एक वडा एक खेलमैदान,एक बाल उद्यान, कार्यक्रम सुरुवात गरिनेछ ।
- वडा स्तरीय खेलकुद प्रतियोगिता आयोजना गरी राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुद अभियान चलाइनेछ।
- कोषको स्थापना गरि जर्सी, यातायात तथा खाना खाजा खर्च उपलब्ध गराउने व्यवस्था गरिनेछ। प्रतियोगितामा विजयी हुने खेलाडीहरुका लागि सम्मान कार्यक्रम आयोजना गरिनेछ ।

**च) लैंगिक समानता तथा सामाजिक समावेशीकरण:**

महिला

- महिलाहरुलाई स्वरोजगारमुलक बनाउनको लागि सीपमुलक तालीमको व्यवस्था गरिनेछ ।
- विपन्न तथा आर्थिक अवस्था कमजोर भएका तालीम प्राप्त महिलाहरुले व्यवसाय सञ्चालन गर्न चाहेमा गाउँपालिकाबाट अनुदानको साथै आवश्यक सामाग्रीको व्यवस्था गरिनेछ ।
- घरेलु हिंसा अन्त्यका लागि चेतनामूलक अभियान सञ्चालन गरिनेछ ।
- महिलाहरुको नेतृत्व विकासका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- समाजमा विद्यमान रहेको छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास,लैंगिक विभेद र हिंसाका घटनाहरु न्यूनीकरणका लागि स्थानीय नीति तथा कार्यक्रम तर्जुमा गरी वडामार्फत सामाजिक परिचालनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- महिलाहरुको हक, अधिकार र कर्तव्य प्रति सजग र सचेत बनाउनको लागि महिला हक सम्बन्धी विभिन्न दिवस मनाइनेछ।
- बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, लैंगिक हिंसाबाट प्रभावित भएका व्यक्तिहरुको लागि पुनर्स्थापना केन्द्रको व्यवस्था गरिनेछ ।
- लैंगिक हिंसा निवारण कोष सञ्चालन गरी हिंसाबाट प्रभावित व्यक्तिहरुलाई तत्काल उद्धार तथा पुर्नस्थापना गरिनेछ ।

बालबालिका

- बालविवाह अन्त्यका लागि रणनीतिक योजना तयार गरी एकिकृत कार्यक्रम संचालन गरिनेछ।
- बाल सहभागिता सम्बन्धी निर्देशिका तयार गरी अर्थपुर्ण बालसहभागिता सुनिश्चित गरिनेछ।

बालमैत्री अभियानलाई अभियानमा सबै सरोकारवालाहरुको सहभागिता सुनिश्चित गरी बालमैत्री स्थानीय अभियानलाई नतिजामुखी बनाइनेछ।

- कम्तिमा एक वडा तथा विद्यालयहरुलाई बालमैत्री घोषणा अभियान प्रारम्भ गरिनेछ।

अपाङ्ग :

- अपांगता भएका व्यक्तिहरुको घुम्ती शिविर मार्फत स्वास्थ्य परिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपांग परिचयपत्र वितरण शिविर सञ्चालन गरिनेछ ।
- (ग) र (घ) वर्गको अपांगता भएका व्यक्तिहरुको लागि मागमा आधारित स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- (ग) वर्गको अपाङ्गता भएका व्यक्तिहरुका लागि सामाजिक सुरक्षा भत्ताको प्रबन्ध मिलाइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुले परिचयपत्र प्राप्त गर्न आवश्यक पर्ने अस्पतालको सिफारिस लिन जादा यातायात खर्च उपलब्ध गराइनेछ ।

ज्येष्ठ नागरिक:

- गाउँपालिकाको विकास निर्माण प्रक्रियामा ज्येष्ठ नागरिकहरुको अनुभव र सीपलाई प्रयोग गर्न गाउँपालिका स्तरीय ज्येष्ठ नागरिक मञ्चको स्थापना गरि निजहरुलाई Think Tank का रुपमा प्रयोग गर्ने वातावरण मिलाइनेछ ।
- ज्येष्ठ नागरिकहरुले आफ्नो अनुभव, सीप भावी पुस्तामा हस्तानान्तरण गरी पूर्याएको योगदानको उच्च कदर गर्दे ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।
- ६० वर्ष पुगेका एकल ज्येष्ठ पुरुषहरुलाई  सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइनेछ ।
- ज्येष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- ज्येष्ठ नागरिक दिवा मिलन केन्द्र स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।
- ज्येष्ठ नागरिक संरक्षणको विषयमा विभिन्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ज्येष्ठ नागरिकहरुको उचित स्याहार सम्भार गर्ने परिवारलाई सम्मान गर्ने कार्यक्रम गरिनेछ ।

आदिवासी जनजाति, दलित:

- कार्यक्रमहरु तय गर्दा सिमान्तकृत,दलित,अपांगता भएका,यौनिक तथा लैंगिक अल्पसंख्यक, गर्भवती तथा सुत्केरी महिला,बाबुआमा विहिन बालबालिकालाई विशेष प्राथमिकता दिईनेछ ।

आदिवासी जनजातिको मौलिक, साँस्कृतिक, सामाजिक, आर्थिक साथै विविध पक्षहरुको संरक्षणको लागि वडास्तरिय सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- कुडुले घर, साथै मगर कला र संस्कृतिको संरक्षणमा विशेष जोड दिईनेछ ।
- लक्षितवर्ग अन्तर्गतका वर्गहरुको परम्परागत पेशालाई समयानुकुल परिवर्तन गरी पेशागत सुधारका लागि आवश्यकता अनुसार विभिन्न प्रविधिहरु उपलब्ध गराई स्वरोजगार हुन प्रेरित गरिनेछ । साथै नयाँ तालिमको व्यवस्था पनि गरिनेछ ।

युवा :

- आगामी आ.व देखि युवा मैत्री स्थानीय शासन कार्यक्रम संचालन गरिनेछ।
- युवाहरुलाई रोजगारी तर्फ आकर्षित गर्न बिभिन्न प्रतिस्पर्धात्मक सेवाका तयारी कक्षाहरु सञ्चालन गरिनेछ ।
- युवा उद्यमीहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- विदेश पलायनको क्रमलाई रोक्न उत्पादनमुखी, व्यवसायमुखी तथा रोजगारमुखी कृषि तथा पशुसेवाका कार्यक्रमहरु संचालन गरिनेछ ।
- मादक पदार्थ, धुम्रपान, मध्यपान तथा दुर्व्यसन तर्फ लाग्न नदिन यूवा लक्षित चेतनामूलक कार्यक्रम लागु गरिनेछ ।

**न्यायिक समितिको क्षमता विकासः**

- न्यायिक समितिको कार्य सम्पादनलाई सहज बनाउनको निम्ति न्यायीक समितिका पदाधिकारीहरुलाई आवश्यक कानुनी तालिम संचालन गरिनेछ ।
- गाउँपालिकामा सुचिकृत भएका मेलमिलाप कर्ताहरुलाइ क्षमता अभिवृद्धि तालिम गराईनेछ ।
- प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरि त्यहिँबाट विवाद निरुपण गर्ने व्यवस्था मिलाइनेछ । मेलमिलाप गर्ने प्रयोजनका लागि खटिने मेलमिलापकर्ताहरुका लागि मुद्दा निरुपण गरेमा सो दिनको यातायात खर्च उपलब्ध गराइनेछ ।
- न्यायिक समितिले निरुपण गर्ने अधिकार क्षेत्रहरुको विवादका विषयहरु प्रत्येक वडा कार्यलयहरुमा टाँस गरी प्रचारप्रसार गरिनेछ ।
- न्यायिक समितिमा आउने उजुरी दर्ता निशुल्क गरिनेछ ।
- न्यायिक समितिमा उजुरी दर्ता गराउन आउने प्रथम पक्षलाई यातायात खर्चको व्यवस्था मिलाईनेछ ।

सभासदस्य ज्यूहरु अब म आ.व.२०८१/०८२ को पुर्वाधार विकास तर्फको नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु।

**३. पूर्वाधार विकास**

**क) सडक पुल तथा झोलुङ्गे पुलः**

- संचालनमा रहेका सबै बाटाहरुको मर्मतका लागि गाउँपालिकाको मेसिन प्रयोग गरिनेछ ।

केम खाम्चा मार्गको आवश्यक स्तरोन्नति गर्दै यस रुटमा यातायातका साधन सञ्चालन गर्नका लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।

- सडकका नयाँ ट्र्याकहरु खोल्ने कार्यलाई निरुत्साहित गर्दै निर्माण भएका सडकहरुको स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।
- गाउँपालिकाभित्र आवश्यक मोटरेवल पुल निर्माणको लागि प्रदेश सरकार र केन्द्र सरकार समक्ष पहल गर्ने तथा DPR हुन बाँकी रहेको ठाउँहरुमा DPR गर्न आवश्यक बजेट विनियोजन गरिनेछ।
- रामपुर-मित्याल-अरुणखोला सडक खण्ड स्तरोन्नती गर्न संघिय सरकार समक्ष पहल गरिनेछ।यस कार्यका लागि गाउँ कार्यपालिका सदस्य तथा कर्मचारीको टोलीले प्रस्तावना सहित दवाव मुलक कार्यक्रम संचालन गरिनेछ।
- पुल आवश्यक भएका स्थानहरु मुरली खोला, सारङ्गी खोला लगायत अन्य खोलाहरुमा पुल निर्माणको लागि संघीय सरकार र प्रदेश सरकार समक्ष पहल गरिनेछ।
- हरियाली सडकहरुको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ ।
- झोलुङ्गे पुलहरुको आवश्यकतालाई ध्यानमा राखी सम्भाव्यता अध्ययन कार्यका आधारमा संघीय सरकारसंग योजना पहल गरिनेछ ।

**ख) सिंचाई तर्फ :**

- सिंचाईको सुविधाबाट वञ्चित खेत तथा फाँटहरुमा आवश्यक बजेटको व्यवस्था गरि कृषि उत्पादनमा जोड दिइनेछ। नमुनाको रुपमा लिफ्टिङ सिंचाइ सुरुवात गरिनेछ।
- अपुरा रहेका सिंचाई योजनाहरुलाई निरन्तरता दिइनेछ।
- मझौला तथा ठूला सिंचाई योजनाहरुको पहिचान गरी सिंचाई डिभिजन, प्रदेश सरकार र केन्द्र सरकारसंग योजना माग गरि सञ्चालन गर्ने व्यवस्था गरिनेछ।
- आवश्यक सिचाई प्रबन्ध मिलाउन संघ सरकार तथा प्रदेश सरकार संग समन्वय गरिनेछ।

**ग) भवन तथा सहरी विकास**

- भवन संहिता मापदण्ड र नक्सा पासको अवधारणा कार्यन्वयन गरिनेछ । यस कार्यका लागि करार सेवामा अमिनको व्यवस्था गरिनेछ।
- हल सहितको सुविधा सम्पन्न गाउँपालिकाको मुख्य प्रशासनिक भवन र वडा कार्यालय निर्माण कार्य छिटो छरितो रुपमा निर्माण सम्पन्न गरिनेछ ।
- निस्दी गाउँपालिका क्षेत्रभित्रका जग्गाहरुको अध्ययन अनुगमन तथा सम्भाव्यवता अध्ययन गरी नयाँ दररेट कायम गरिनेछ।
- अधुरो रहेका सामुदायिक भवन निर्माण कार्यलाइ निरन्तरता दिइनेछ।
- निस्दी गाउँपालिका भित्रका घरहरुको अभिलेखिकरण गरिनेछ।

मुक्त [illegible] बहादुर सारु
अध्यक्ष

) उर्जा, लघु तथा साना जलविद्युत:

- आगामी आर्थिक वर्षमा निस्दी गाउँपालिकालाई पुर्ण विद्युतीकरण गरीनेछ। यस कार्यका लागी विद्युत प्राधिकरण पाल्पा शाखा र नेपाल विद्युत प्राधिकरण संग समन्वय र सहकार्य गरिनेछ।
- हावावाट उत्पादन हुने विद्युतलाई दिर्घकालिन रुपमा प्रयोग गर्न आवश्यक मर्मत सम्भारको व्यवस्था मिलाइनेछ।
- यस गाउंपालिका क्षेत्रवाट वग्ने दुई ठूला खोलाहरु (निस्दी र आरुङखोला)मा विद्युत उत्पादनको संभावनालाई ध्यान दिदै संभाव्यता अध्ययनको लागि विभिन्न निकाय संग आवश्यक समन्वय गरिनेछ।
- गाउँपालिका भित्र विभिन्न टोल बस्तीमा संचालनमा रहेका लघु जलविद्युतलाई नियमित संचालनको व्यवस्था मिलाइनेछ।
- उज्यालो निस्दी अभियानलाई निरन्तरता दिइनेछ।

(ङ) सूचना तथा सञ्चार तर्फ:

गाउँपालिकालाई क्रमश E-Governance and Digital Governance तर्फ लगिनेछ।

**सभासदस्य ज्यूहरु अब म आ.व.२०८१/०८२ को वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन तर्फको नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु।**

**४.वन, वातावरण संरक्षण तथा विपद व्यवस्थापन :**

- निस्दी गाउँपालिकामा रहेका विपत जन्य क्षेत्रको पहिचान गरि नक्सांकन गरिनेछ।
- गाउँपालिकामा विपद व्यवस्थापन कोष स्थापना गरी पिडित घर परिवारलाई राहत सामाग्री व्यवस्थापन गर्न पूर्व तयारी गरिनेछ।
- स्वास्थ्य सम्वन्धी महामारी रोग नियन्त्रण सम्बन्धी सचेतना कार्यक्रमहरु संचालन गरिनेछ।
- वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धनको लागि गाउंपालिकाले वनको नर्सरी स्थापना गर्न जिल्ला वन कार्यालय तथा सव डिभिजन वन कार्यालय संग आवश्यक समन्वय गरिनेछ। नाङ्गो डाँडाका रुपमा रहेका वन क्षेत्रहरु कबुलियति वनका रुपमा ग्रहण गरि माटो सुहाउदो फलफूल, तरकारी तथा जडीबुटी खेती गर्ने प्रयोजनका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- निस्दी गाउँपालिकाको ३ नं. वडा झिरुवासमा रहेको काउँले कबुलियती वनमा कागज उद्योग स्थापना गर्न निजी क्षेत्र र संघिय सरकार संग पहल गरिनेछ।

सभासदस्य ज्यूहरु अब म आ.व.२०८१/०८२ को संस्थागत विकास तथा सेवा प्रवाह तर्फको नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु।

**५. संस्थागत विकास तथा सेवा प्रवाह :**

- सरल, छिटो छरितो र प्रभावकारी सेवा प्रवाहलाई प्राथमिकता दिदै दैनिक प्रशासनिक कार्य संचालन गर्नको लागि आवश्यक पर्ने लेखा, पञ्जिकरण, सम्पती कर, योजना लगाएत सवै प्रकारका सेवा डिजिटल माध्यमबाट सरलीकृत गरी सेवाग्राहीहरुलाई चुस्त सेवा दिईनेछ।

जनतालाई चुस्त दुरुस्त सेवा प्रवाह तथा सहजताको लागि प्रत्येक वडामानै योजनाको सम्झौता तथा फरफारकको लागि शिविर संचालन गरिनेछ ।

- उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गर्दै प्रभावकारी सेवा प्रवाहमा जोड दिन कर्मचारीलाई उत्प्रेरणा तथा प्रोत्साहनको कार्यक्रम ल्याइनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीको समयानुकुल क्षमता विकासको लागि विभिन्न तालीम, गोष्ठी तथा प्रविधि मैत्री ज्ञानको विकासमा जोड दिइनेछ । अनुभव आदान प्रदान सम्बन्धी विभिन्न तालीम तथा भ्रमणका अवसरहरु सिर्जना गरिनेछ ।
- अरु स्थानीय तहमा भए गरेका राम्रा कामहरुको अनुसरण गर्दै त्यसको प्रभावकारिताको आधारमा यस गाउँपालिकामा पनि लागु गरिनेछ ।
- निस्दी गाउंपालिकाका दोस्रो आवधिक योजना तर्जुमा गरी आगमी ५ वर्षको लक्ष्य निर्धारण गरिनेछ ।
- विषयगत विज्ञसंगको परामर्शमा विकास निर्माण कार्यलाई अगाडी बढाइनेछ ।
- अनुगमन कार्यलाई मासिक रुपमा क्षेत्र तथा दिन तोकि नियमित गरिनेछ ।
- निस्दी गाउँपालिकामा अनुकरणीय कार्य गर्ने कर्मचारी, संस्था /समूह, उपभोक्ता समिति, कृषक, शिक्षकहरु लाई पुरस्कृत गरिनेछ ।
- सेवा प्रदायकको अगाडी सेवा ग्राही नभई सेवा ग्राहीको अगाडी सेवा प्रदायक हुनुपर्छ भन्ने मान्यताका साथ बृहत एकिकृत घुम्ति शिविर संचालन गरिनेछ ।

सभासदस्य ज्यूहरु अब म आ.व.२०८१/०८२ को वित्तिय व्यवस्थापन र सुशासन तर्फको नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु ।

**६. वित्तिय व्यवस्थापन र सुशासन**

**क). राजश्व परिचालन तर्फ :**

- कर उठाउने कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा संग कार्य सम्पादन करार सम्झौता गरिनेछ र सम्झौता बमोजिम कर उठाउने वडा कार्यालयका कर्मचारीलाई पुरस्कृत हुने व्यवस्था मिलाइनेछ ।
- उपलब्ध श्रोतहरुको प्रभावकारी तथा दिगो परिचालन गर्दै गाउंपालिकाको आन्तरिक श्रोत वृद्धिको लागि राजश्वका थप क्षेत्रहरुको खोजी गरिनेछ ।

**ख). वित्तिय अनुशासन र सुशासन तर्फ :**

- गाउँपालिकालाई दिर्घकालिन आर्थिकभार तथा दायित्व वृद्धि नहुनेगरि निर्णयहरु गरिनेछ ।
- आर्थिक ऐन र खरिद ऐनको पूर्ण अधिनमा रहि उपभोक्ता समिति मार्फत हुन सक्ने कार्यहरु सोही मार्फत र नसक्ने ठूला कार्यहरु टेण्डर मार्फत गर्ने नीति लिइनेछ ।
- हेवि इक्यूमेन्ट प्रयोग गरी योजना संचालन गर्दा उपभोक्ता लागत सहभागीता १०% लाई निरन्तरता दिइनेछ ।
- निस्दी गाउँपालिका अर्न्तगतका सम्पूर्ण मेशिनरी सामाग्री प्रयोग नहुने योजनामा जनसहभागिताको सट्टा जनश्रमदानको व्यवस्था गरिनेछ ।

मन बहादुर सारु
अध्यक्ष

- हेवि इक्यूमेन्ट प्रयोग गरी योजना संचालन गर्दा उपभोक्ताको तर्फबाट व्यहोर्न पर्ने जनसहभागिताको रकमको दुरुपयोग हुन नदिन उपभोक्ताले लागत सहभागिता बापत उठाउनुपर्ने १० % रकम उपभोक्ता समितिको खातामा जम्मा गरी उक्त रकम रोक्का गरिनेछ र योजना सम्झौता प्रक्रिया अगाडी बढाईनेछ ।
- निस्दी गाउँपालिकाको विभिन्न योजनाहरुको लागत अनुमान तयार गर्दा आकस्मित खर्च(कन्टेन्जेन्सी खर्च) बापत ३% गराईएकोमा सो लाई निरन्तरता दिइनेछ र सो रकम बापतको काम गर्न नपर्ने व्यवस्था मिलाइनेछ ।
- निस्दी गाउँपालिका भित्रका आयोजनाहरुको मर्मत सम्भार गर्नका लागि प्रत्येक आयोजनाबाट कुल अनुदान रकमको मर्मत सम्भार कट्टि १.५ प्रतिशत गरिनेछ। उक्त कोष बाट आयोजनाको मर्मत गर्नको लागि कूल लागतको ५० प्रतिशत अनुदान दिइनेछ।
- आयोजनाहरुको संचालन टोल विकास संस्थाबाट संचालन गर्न प्रोत्साहन गरिनेछ। उक्त कार्यको लागि अभिमुखिकरण कार्यक्रम समेत संचालन गरिनेछ।
- ३ लाख भन्दा माथिको योजनामा अनिवार्य रुपमा होडिङ्ग वोर्ड राख्न लगाइने छ र सो बापतको रकम इष्टिमेटमा नै व्यवस्था गरिनेछ ।
- योजनाको फरफारक जेष्ठ मसान्त भित्र गरिनेछ ।
- अघिल्लो आ.व. का वेरुजुलाई फर्स्यौट गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।
- लैंगिक उत्तरदायी वजेट निर्माणमा जोड दिईनेछ ।.
- सुशासन प्रवर्द्धनमा जोडदिन गाउँपालिकामा आउने गुनासोहरुलाई व्यवस्थित गर्नको लागि गुनासो अभिलेख गर्ने, सुझाव सुन्ने, त्यसको रेकर्ड राख्ने तथा गुनासो संबोधन गर्ने प्रणालीको विकास गरिनेछ ।
- सार्वजनिक सुनुवाई प्रत्येक चौमासिकमा संचालन गरिनेछ, नागरिक वडापत्र आदिको माध्यम द्वारा वडा तथा गाउपालिका तहमा सुशासन प्रवर्द्धनमा जोड दिइनेछ ।
- रु ५,००,०००।- वा सो माथिका योजनाको अनुगमन गाउँपालिका स्तरीय अनुगमन समितिले गर्नेछ ।
- एक आर्थिक वर्षमा एक योजनाको अनुगमन नियमित रुपमा गरिनेछ ।

**प्रधानमन्त्री रोजगार**

प्रधानमन्त्री रोजगार कार्यक्रम लाई बार्षिक बजेटमा समावेश गरीनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको बजेटमा गाउँपालिकाको बजेट म्याचिङ गरी रोजगार प्रदान गरिनेछ , त्यसका लागी आवश्यक बजेट बिनियोजन गरिनेछ ।

अध्यक्ष